बर्दिवास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८३ साल असार २५ गते बिहिवार बसेको नगरकार्यपालिका बैठकबाट देहायबमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १८ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| १९ | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २० | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २१ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २२ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २४ | श्री राममणि अधिकारी | प्र. प्र. अ. (सदस्य सचिव) | |

**बैठकका प्रस्तावहरु:**

१) स्तर/तहवृद्धि सम्बन्धमा,

२) महालेखा परिक्षक कार्यालयलाइ जगा उपलब्ध गराउने सम्बन्धमा,

३) म्याद थप सम्बन्धमा,

४) सित भण्डारको DPR सम्बन्धमा,

५) बिज्ञापन ठेक्का सम्बन्धमा,

६) कार्यविधि स्वीकृत सम्बन्धमा,

७) लै.स.सा.स. प्रतिवेदन स्वीकृत सम्बन्धमा,

८) स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरीसंग सामग्री माग सम्बन्धमा,

९) भूमि प्रशासन कार्यालय बर्दिबास र नापी कार्यालय बर्दिबास स्थान्तरण सम्बन्धमा,

१०) जेनेरेटर संरक्षण सम्बन्धमा,

११) IEE को भुक्तानी सम्बन्धमा,

**बैठकका निर्णयहरु:**

१) **प्रस्ताव नम्बर एक उपर छलफल गर्दा,** मधेश प्रदेश सरकारको स्थानीय सेवा(गठन तथा सञ्चालन)ऐन,२०८१ को दफा २९ को उपदफा(२) मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको कार्यालयबाट सूचना प्रकाशन गरी स्तर/तह वृद्धिको निवेदन माग गरेकोमा पेश भएका निवेदनहरुलाई अध्ययन गरी यस नगरपालिकाको स्तर/तह वृद्धि सिफारिस समितिको मिति २०८३/०३/१८ गतेको सिफारिस गरे बमोजिम तपसिल अनुसारको कर्मचारीको स्तर/वृद्धि गर्ने निर्णय गरियो।

| क्र.स. | कर्मचारीको नाम,थर | कर्मचारी संकेत नं. | हाल कार्यरत पद/तह | स्तर/तह वृद्धि हुने पद/तह |
|---|---|---|---|---|
| १ | सीता कुमारी | २०४९०८ | अस्पताल नर्सिङ्ग निरिक्षक/अधिकृत छैठौं | बरिष्ठ अस्पताल नर्सिङ्ग निरिक्षक/अधिकृत सातौं |

२) **प्रस्ताव नम्बर दुई उपर छलफल गर्दा,** बर्दिबास नगरपालिका वडा नं. ३ को च.न. २११८, मिति २०८३/०३/१५ को पत्रानुसार महालेखा परिक्षकको कार्यालय मधेश प्रदेशलाई भवन निर्माण कार्यको लागि जिल्ला महोत्तरी बर्दिबास नगरपालिका वडा नं.३ मा रहेको पूर्वमा खेल मैदान/शसस्त्र प्रहरी बल,पश्चिममा कुमार भण्डारी, उत्तरमा बर्दिवास खानेपानी कार्यालय तथा दक्षिणमा नेवार डाँडाँ कामी डाँडाँ सामुदायिक बन यति चार किल्ला भित्र रहेको अन्दाजी १० कठ्ठा जमिन उपयोगमा उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरियो।

CamScanner

३) **प्रस्ताव नम्बर तीन उपर छलफल गर्दा,** बर्दिवास नगरपालिकाको कार्यालयबाट विभिन्न आ.व. मा वोलपत्र आव्हानभई मिति २०८२/०८/३०, मिति २०८३/०१/१०, मिति २०८३ जेठ मसान्त, मिति २०८३ असाढ मसान्त र २०८३ भाद्र मसान्त सम्म सम्पन्न गर्नु पर्ने तपसिलका ठेक्का नं. हरुको म्याद मिति २०८३ कार्तिक मसान्त सम्म थप गर्ने निर्णय गरियो।

१. NCB/WORKS/BM/-078/079-01

२. NCB/WORKS/BM/-078/079-04

३. NCB/WORKS/BM/-078/079-03

४. NCB/WORKS/BM/-078/079-05

५. NCB/WORKS/BM/-078/079-06

४) **प्रस्ताव नम्बर चार उपर छलफल गर्दा,**बर्दिबास नगरपालिकाको मेयर कृषि कार्यक्रम अन्तर्गत निर्माणाधीन अवस्थामा रहेको अधुरो शीत भण्डार भवनलाई पूर्णता दिन प्राप्त प्राविधिक प्रतिवेदन समेतको आधारमा DPR तयार गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो।

५) प्रस्ताव नम्बर पाँच उपर छलफल गर्दा, आ.व. २०८२/०८३ मा बिज्ञापन कर बापत रु ४,८०,१५० संकलन भएकोले न्यूनतम कबोल अंक (मू.अ. कर बाहेक) रु १० लाख कायम गरी आ.व. २०८३/०८४ देखि प्रत्येक बर्ष १०% ले बृद्धिहुने गरी ३ बर्षको लागि बिज्ञापन कर संकलनको लागि ठेक्का लगाउने निर्णय गरियो।

६) प्रस्ताव नम्बर छ उपर छलफल गर्दा, बर्दिवास नगरपालिकाको तपसिलका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

१. बर्दिबास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त गर्ने सम्बन्धि कार्यविधि, २०७५ खारेज गरी आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त गर्ने सम्बन्धि कार्यविधि, २०८३ स्वीकृत गर्ने

२. बर्दिवास नगरपालिकाको सार्वजनिक सेवा मापदण्ड, २०८३ स्वीकृत गर्ने

३. बर्दिवास नगरपालिकाको घुम्तिसेवा सञ्चालन सम्बन्धि कार्यविधि, २०८३ स्वीकृत गर्ने

४. बर्दिवास नगरपालिकाको खानेपानी तथा सरसफाई मापदण्ड, २०८३ स्वीकृत गर्ने

५. बर्दिवास नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०८३ स्वीकृत गर्ने

६. बर्दिवास नगरपालिकाको सार्वजनिक सेवा मापदण्ड, २०८३ स्वीकृत गर्ने

७. बर्दिवास अस्पतालमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,२०८३ स्वीकृत गर्ने

८. बर्दिबास नगरपालिकाको स्थानीय हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८३ स्वीकृत गर्ने

९. बर्दिबास नगरपालिकाको मर्मत संभार कोष संचालन तथा व्यवस्थापन कार्यविधि,२०८३ स्वीकृत गर्ने

१०. बाल संरक्षण मापदण्ड,२०८३ स्वीकृत गर्ने

७) प्रस्ताव नम्बर सात उपर छलफल गर्दा, बर्दिबास नगरपालिका लैङ्गिक समानता तथा सामाजिकलाई संस्थागत गर्न प्रतिवेदनले औल्याएका सबल पक्षहरुलाई आत्मसाथ गर्दै कायम राख्ने र उपलब्ध अवसरहरुको अधिकतम उपयोग गर्ने साथै प्रतिवेदनमा औल्याएका सुधार गर्नुपर्ने पक्षहरुलाइ क्रमश न्यूनिकरण र सम्बोधन गर्दै लैजान आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेट तर्जुमामा लैससास मुलप्रवाहीकरण गर्ने प्रतिवद्धताका साथ यो लैससास परिक्षण आ.व. २०८२/०८३ को प्रतिवेदन र लैससास नीति २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

८) प्रस्ताव नम्बर आठ उपर छलफल गर्दा, स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरीसंग तपसिलका सामग्रीहरु माग गर्ने निर्णय गरियो।

१. Hematology Analyzer
२. Semi Automatic Biochemistry Analyzer
३. POCT Analyzer
४. ECG 12 Channel
५. Electrolytte Analyzer
६. USG Machine
७. High Frequency Digital X-ray Machine
८. CLIA Analyzer
९. Delivery Table

९) प्रस्ताव नम्बर नौ उपर छलफल गर्दा, बर्दिबास नगरपालिका क्षेत्रभित्र सञ्चालित भूमि प्रशासन कार्यालय, बर्दिबास र नापी कार्यालय, बर्दिबास हाल भाडाको भवनबाट सञ्चालन भइरहेको हुँदा उक्त दुवै कार्यालयलाई बर्दिबास नगरपालिकाको कार्यालय परिसर (कम्पाउण्ड) भित्र स्थानान्तरण गरी सञ्चालन गर्न नगरपालिकाको आफ्नै भवन निर्माण कार्य सम्पन्न भएकोले स्थानान्तरणको लागि आवश्यक प्रक्रिया अगाडि बढाई सम्बन्धित निकायमा स्थानान्तरणका गर्ने सिफारिस गर्ने निर्णय गरियो।

१०) प्रस्ताव नम्बर दश उपर छलफल गर्दा, बर्दिबास नगरपालिका वडा नं. ३ स्थित गौरीडाँडामा विगतमा सडक कार्यालयले प्रयोग गरेको जेनेरेटर हाल सम्बन्धित कार्यालय त्यहाँ नरहेको तथा उक्त जेनेरेटर प्रयोगविहीन र बेवारिसे अवस्थामा रहेको भनी स्थानीयवासीबाट संरक्षणका लागि नगरपालिकामा निवेदन प्राप्त भएको हुँदा उक्त जेनेरेटर नगरपालिकाको कार्यालयमा ल्याई संरक्षण गर्ने निर्णय गरियो।

११) प्रस्ताव नम्बर दश उपर छलफल गर्दा, बर्दिवास नगरपालिका स्थित भप्सीखोलाको IEE सम्पन्न भएको तथा आव २०८२/०८३ मा भुक्तानी दिन छुट भएको हुँदा आव २०८३/०८४ को बजेटबाट भुक्तानी दिने भनी निर्णय गरियो।